कृषि तथा पशुपन्छी विकास मन्त्रालय
मधेश प्रदेश सरकार
जनकपुरधाम, नेपाल

# प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०

स्वीकृत मिति २०८०/६/२

प्रविधि र पूर्वाधारमा लगानी गरी कृषि क्षेत्रको रुपान्तरणको लागि कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्दै कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनिय भएकोले प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"आवेदक"** भन्नाले कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फर्म सम्झनु पर्छ । सो शब्दले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएको हकमा कुनै विशेष सहकारी, विषयगत सहकारी, महासंघ भएमा सोलाई मात्र जनाउदछ ।

(ख) **"कार्यक्रम"** भन्नाले सम्बन्धित बोर्ड/निर्देशनालय/केन्द्रको वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ग) **"केन्द्र"** भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"कृषक समुह"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समुह सम्झनु पर्छ ।

(ङ) **"कृषि प्राविधिक शिक्षालय"** भन्नाले प्रदेशका कृषि विषयमा जे.टि.ए., जे.टि. कोर्ष वा प्रविणता तह वा सो भन्दा माथि अध्यापन हुने शिक्षण संस्था सम्झनु पर्छ ।

(च) **"कृषि सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपन्छीपालन वा दुग्ध उत्पादन/व्यवसाय सम्बन्धि कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्था सम्झनु पर्छ ।

(छ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ज) **"निजी क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि तथा पशुपन्छी फर्म/कम्पनी सम्झनु पर्छ ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(झ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ञ) **"प्रस्ताव"** भन्नाले आवेदकले पेश गरेको कार्यक्रम सहितको कार्ययोजना सम्झनु पर्छ ।

(ट) **"बोर्ड"** भन्नाले मन्त्रालय मातहतको प्रदेश दुग्ध विकास बोर्ड सम्झनु पर्छ ।

(ठ) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(ड) **"स्थानीय तह"** भन्नाले प्रदेशको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउपालिकालाई सम्झनु पर्छ ।

(ढ) **"साझेदार"** भन्नाले कार्यक्रम सञ्चालनको लागि छनौट भएका आवेदक सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रम र सञ्चालन प्रक्रिया

३. पाच बिगाहा भन्दा बढी तरकारी खेती गर्ने कृषक, कृषि फर्म, कृषक समुह र सहकारीलाई कोल्ड चेम्बर कार्यक्रमः (१) निर्देशनालय/केन्द्रले कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको प्रक्रिया अबलम्वन गर्नुपर्नेछ ।

क. अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,

ख. माग बमोजिम आवेदन प्राप्त नभएमा दोस्रो पटक १५ दिनको समयसीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्ने,

ग. आवेदकले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,

घ. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

ङ. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

च. मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ,

छ. छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

(२) कोल्ड चेम्बर निर्माणको लागि वार्षिक कार्यक्रम र बजेटको अधिनमा रही लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ,

(३) कोल्ड चेम्बरको क्षमता कम्तिमा दश मेट्रिक टनको हुनुपर्नेछ,

४. वातावरण अनुकुलित व्यवसायीक च्याउ खेती प्रवर्द्धन कार्यक्रमः (१) निर्देशनालय/केन्द्रले कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको प्रक्रिया अबलम्वन गर्नुपर्नेछ ।

क. अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,

ख. माग बमोजिम आवेदन प्राप्त नभएमा दोस्रो पटक १५ दिनको समयसीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्ने,



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

ग. आवेदकले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,

घ. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

ङ. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

च. मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ,

(२) यस कार्यक्रम अन्तर्गत व्यवसायीक च्याउ खेती प्रवर्द्धनसँग सम्बन्धित संरक्षित संरचना लगायतका पूर्वाधार निर्माण गरिनेछ ।

(३) वातावरण अनुकुलित संरक्षित संरचना निर्माण हुने क्षेत्रको भौगोलिक अवस्था र बालीको आधारमा उपयुक्त डिजाइन तथा लागत तयार गरी आवेदकले निर्देशनालय/केन्द्रमा पेश गर्नुपर्नेछ । संरचना निर्माण गर्न न्यूनतम स्पेशिफिकेशन सम्बन्धित निर्देशनालय/केन्द्रले तोक्नेछ । कार्यक्रम साझेदार संस्थाद्वारा सम्पादन गर्न सकिनेछ ।

५. <u>प्रविधि र पूर्वाधार सहयोग (तरकारीमा मल्चिङ्ग तथा किवीमा हेलनेट र थाक्रा व्यवस्थापन):</u> (१) निर्देशनालय/केन्द्रले कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको प्रक्रिया अबलम्वन गर्नुपर्नेछ ।

क. अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,

ख. माग बमोजिम आवेदन प्राप्त नभएमा दोस्रो पटक १५ दिनको समयसीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्ने,

ग. आवेदकले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,

घ. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

ङ. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

च. मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ,

छ. छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

(२) तरकारीमा मल्चिङ्गको लागि कम्तीमा १० कठ्ठामा तरकारी खेती गरेको हुनुपर्नेछ ।

(३) यस कार्यक्रम अन्तर्गत तरकारी खेतीमा मल्चिङ, किवी खेतीको लागि हेलनेट तथा थाक्रा व्यवस्थापन जस्ता क्रियाकलाप सञ्चालन गर्न सकिनेछ ।

(४) थाँक्रा देहाय बमोजिमको न्यूनतम मापदण्डमा निर्माण गर्नुपर्नेछ।

(क) कंक्रिट पोलको हकमा Reinforcement concrete cement (RCC) को हुनुपर्ने, ८ मि.मि. को कम्तिमा दुईवटा रड रहने गरी पोल निर्माण गर्नुपर्ने, न्यूनतम उचाई ७ फिट, चौडाई ४x४ ईन्च र थाँक्रा बनाउँदा सिमेन्टः बालुवाः एग्रिगेट्सको अनुपात १:१.५:३ को हुनुपर्नेछ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(ख) जि.आई. पाईपको पोलका लागि टि आकारको पोलको उचाई कम्तिमा ७ फिट, मोटाई कम्तिमा २ मि.मि. र गोलाई कम्तिमा ४० मि.मि. को हुनुपर्नेछ।

६. <u>नेपाल मौरीपालक महासंघसँगको साझेदारीमा मह संकलन, प्रशोधन तथा बजारीकरण प्रवर्द्धन कार्यक्रमः</u> (१) निर्देशनालय/केन्द्रले कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको प्रक्रिया अबलम्वन गर्नुपर्नेछ ।

क. नेपाल मौरीपालक महासंघलाई मह संकलन, प्रशोधन तथा बजारीकरण प्रवर्द्धन सम्बन्धी डिजाइन र लागत सहित प्रस्ताव पेश गर्न ३० दिनको समयसीमा दिइ पत्राचार गर्ने,

ख. प्राप्त प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

ग. आवेदकसगँ सम्झौता गर्नुपर्ने,

घ. सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम निर्माण तथा खरिद कार्य गर्नुपर्ने,

(२) यस कार्यक्रम अन्तर्गत मह संकलन, प्रशोधन तथा बजारीकरण प्रवर्द्धनसँग सम्बन्धित पूर्वाधार निर्माण गर्न सकिनेछ ।

(३) कार्यक्रम साझेदार संस्थाद्वारा सम्पादन गर्न सकिनेछ ।

७. <u>कृषि प्राविधिक शिक्षालयहरुसँगको सहकार्यमा उच्च प्रविधिमा तरकारी खेती कार्यक्रमः</u> (१) निर्देशनालय/केन्द्रले कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको प्रक्रिया अबलम्वन गर्नुपर्नेछ ।

क. अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,

ख. कृषि प्राविधिक शिक्षालयले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,

ग. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

घ. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

ङ. छनौट भएका कृषि प्राविधिक शिक्षालयसँ सम्झौता गर्नुपर्ने,

(२) संरचना निर्माण हुने क्षेत्रको भौगोलिक अवस्था र बालीको आधारमा उपयुक्त डिजाइन तथा लागत तयार गरी कृषि प्राविधिक शिक्षालयले निर्देशनालय/केन्द्रमा पेश गर्नुपर्नेछ। संरचना निर्माण गर्न न्यूनतम स्पेशिफिकेशन सम्बन्धित निर्देशनालय/केन्द्रले तोक्नेछ ।

(३) संरक्षित संरचना निर्माण गरी उच्च मुल्यका तरकारी तथा तरकारी बेर्ना उत्पादन गर्नका लागि संरचनाको न्यूनतम कुल क्षेत्रफल १८० वर्ग मिटर हुनुपर्नेछ,



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(४) उच्च प्रविधियुक्त संरचना अनर्गत जि.आई. पाइपको प्लाष्टिक घर (टनेल),UV पलाष्टिक फलामको पाईपको प्लाष्टिक घर (टनेल), नेचुरल्ली भेन्टिलेटेड ग्रीनहाउस (पोलिहाउस), बासको प्लाष्टिक घर संरचना पर्नेछ ।

८. <u>स्थानीय तहको ३० प्रतिशत लागत साझेदारीमा हर्मेटिक भण्डारण गृहको पूर्वाधार निर्माण तथा संचालन कार्यक्रमः</u> (१) निर्देशनालयले कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको प्रक्रिया अबलम्वन गर्नुपर्नेछ ।

क. स्थानीय तहलाई हर्मेटिक भण्डारण गृहको पूर्वाधार निर्माण तथा सञ्चालन सम्बन्धी डिजाइन र लागत सहित प्रस्ताव पेश गर्न ३० दिनको समयसीमा दिइ सूचना/पत्राचार गर्ने,

ख. सम्बन्धित स्थानीय तह वा सो ले सिफारीस गरेका आवेदकले आवेदन दिन सक्नेछन,

ग. प्राप्त प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

घ. स्थानीय तह वा आवेदकको छनौट गर्नुपर्ने,

ङ. स्थानीय तह वा साझेदारसँग सम्झौता गर्नुपर्ने,

च. साझेदारसँग सम्झौता हुने खण्डमा स्थानीय तह सहित सम्बन्धित निर्देशनालय/केन्द्र विच त्रिपक्षिय सम्झौता हुनपर्ने,

छ. सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम निर्माण तथा खरिद कार्य गर्नुपर्ने,

(२) यो कार्यक्रम अन्तरगत हर्मेटिक भण्डारण गृहको लागि आवश्यक पूर्वाधार निर्माण तथा संचालनको लागि आवश्यक औजार/उपकरणहरु खरिद, जडान इत्यादी क्रियाकलापहरु संचालन गर्न सकिनेछ ।

(३) यस कार्यक्रम सञ्चालनका लागि सम्बन्धित स्थानीय तहको कार्यपालिकाको बैठकले आवश्यक लगानीको सुनिश्चित गर्दै लगानीको प्रतिवद्धता सहितको निर्णय गर्नुपर्नेछ।

(४) हर्मेटिक भण्डारण गृहको निर्माण पश्चात सञ्चालन तथा व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्नुपर्नेछ ।

९. <u>उच्च प्रविधियुक्त संरचनामा तरकारी खेती प्रवर्द्धन कार्यक्रमः</u> (१) निर्देशनालय/केन्द्रले कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको प्रक्रिया अबलम्वन गर्नुपर्नेछ ।

क. अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,

ख. माग बमोजिम आवेदन प्राप्त नभएमा दोस्रो पटक १५ दिनको समयसीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्ने,

ग. आवेदकले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,

घ. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

ङ. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

च. मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ,

छ. छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

(२) संरचना निर्माण हुने क्षेत्रको भौगोलिक अवस्था र बालीको आधारमा उपयुक्त डिजाइन तथा लागत तयार गरी प्रस्तावकले निर्देशनालय/केन्द्रमा पेश गर्नुपर्नेछ । संरचना निर्माण गर्न न्यूनतम स्पेशिफिकेशन सम्बन्धित निर्देशनालय/केन्द्रले सूचना प्रकाशन हुनु अगावै तोकी सक्नुपर्नेछ ।

(३) संरक्षित संरचना निर्माण गरी उच्च मुल्यका तरकारी तथा तरकारी बेर्ना उत्पादन गर्नका लागि छनौट भएका साझेदारका लागि संरचनाको न्यूनतम कुल क्षेत्रफल १८० वर्ग मिटर हुनुपर्नेछ ।

(४) उच्च प्रविधियुक्त संरचना अन्तर्गत जि.आई. पाइपको प्लाष्टिक घर (टनेल), UV प्लाष्टिक फलामको पाईपको प्लाष्टिक घर (टनेल), नेचुरल्ली भेन्टिलेटेड ग्रीनहाउस (पोलिहाउस), बासको प्लाष्टिक घर संरचना पर्नेछ ।

१०. <u>रेन्बो ट्राउट पूर्वाधार विकास कार्यक्रमः</u> (१) कार्यक्रम सञ्चालनको लागि निर्देशनालय/केन्द्रले देहाय बमोजिमको प्रक्रिया अबलम्वन गर्नुपर्नेछ ।

क. अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,

ख. माग बमोजिम आवेदन प्राप्त नभएमा दोस्रो पटक १५ दिनको समयसीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्ने,

ग. आवेदकले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,

घ. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

ङ. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

च. मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ,

छ. छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

(२) संरचना निर्माण हुने क्षेत्रको भौगोलिक अवस्था र प्राविधिक रुपमा उपयुक्त डिजाइन तथा लागत तयार गरी आवेदकले पेश गर्नुपर्नेछ। कम्तिमा ३७५ वर्ग मिटर क्षेत्रफलमा रेशवे निर्माण एवम कुलो सहितको पानी व्यवस्थापन र रिजर्भ टयाङ्क निर्माण गर्नुपर्नेछ ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

११. <u>पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ ढुवानीका लागि प्रयोग हुने सवारी साधन निशंक्रमण गर्ने पूर्वाधार निर्माण कार्यक्रमः</u> (१) निर्देशनालय/केन्द्रले कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको प्रक्रिया अबलम्वन गर्नुपर्नेछ ।

- क. पशुपन्छी तथा मत्स्यजन्य पदार्थको ढुवानी आवतजावत बढी हुने राजमार्गको कुनै चेकपोष्ट वा सम्बन्धित स्थानीय तहको समन्वयम उपयुक्त स्थानको छनौट गर्ने,
- ख. अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,
- ग. माग बमोजिम आवेदन प्राप्त नभएमा दोस्रो पटक १५ दिनको समयसीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्ने,
- घ. निशंक्रमणको लागि जैविक सुरक्षाको लागि आवश्यक उपकरण खरिद, भवन निर्माण तथा आवश्यक पूर्वाधार निर्माणको लागि वार्षिक कार्यक्रम र बजेटको अधिनमा रही लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ,
- ङ. उपकरण खरिद तथा पूर्वाधार निर्माण कार्य सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गर्नुपर्नेछ ।
- च. सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम निर्माण व्यवसायीको छनौट गर्नुपर्नेछ ।

१२. <u>आधुनिक कोल्डरुम/बधस्थल निर्माण कार्यक्रमः</u> (१) निर्देशनालय/केन्द्रले कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको प्रक्रिया अबलम्वन गर्नुपर्नेछ ।

- क. अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,
- ख. माग बमोजिम आवेदन प्राप्त नभएमा दोस्रो पटक १५ दिनको समयसीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्ने,
- ग. आवेदकले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,
- घ. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,
- ङ. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम समिति गठन गर्नुपर्ने,
- च. मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ,
- छ. छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

(२) आधुनीक कोल्डरुम/बधस्थल निर्माणको लागि वार्षिक कार्यक्रम र बजेटको अधिनमा रही लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ,

(३) कोल्डरुमको क्षमता कम्तीमा १० मेट्रिक टन हुनुपर्नेछ,

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(४) वधस्थल निर्माणको हकमा कम्तिमा २५० वर्ग मिटर क्षेत्रफल भित्र वधस्थल निर्माण, बध गर्नुपुर्व आराम गर्ने कक्ष, प्रस्सत सफा पानीको व्यवस्था एवम उचित सरसफाइको प्रवन्ध भएको हुनुपर्नेछ ।

(४) सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम कोल्डरुम/बधस्थल निर्माण कार्य गर्नुपर्नेछ ।

१३. <u>महिलाद्वारा सञ्चालित दुग्ध संकलन गर्ने सहकारीको लागि पूर्वाधार र प्रविधिमा सहयोग कार्यक्रमः</u> (१) बोर्डले कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको प्रक्रिया अबलम्वन गर्नुपर्नेछ ।

क. अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,
ख. आवेदकले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,
ग. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,
घ. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम समिति गठन गर्नुपर्ने,
ङ. मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ,
च. छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

(२) यस कार्यक्रम अन्तर्गत दूध संकलनसँग सम्बन्धित पूर्वाधार निर्माण र प्रविधिमा सहयोग गरिनेछ ।

१४. <u>प्रविधिमैत्रि दुग्ध सहकारी कार्यक्रमः</u> (१)बोर्डले कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको प्रक्रिया अबलम्वन गर्नुपर्नेछ ।

क. अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,
ख. आवेदकले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,
ग. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,
घ. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम समिति गठन गर्नुपर्ने,
ङ. मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ,
च. छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

(२) भौगोलिक अवस्था र प्रयोग हुन सक्ने प्रविधिको वारेमा बोर्डले परामर्श गर्न सक्नेछ ।

(३) दुग्ध उत्पादनमा वृद्धिसँग सम्बन्धित प्रविधि, लजिस्टिक एवम अन्य सहयोग गर्न सकिनेछ ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(४) छनौट भएका सहकारीको समन्वयमा माग भएको सामाग्रीको स्पेशिफिकेशन र बजार दर भाउ अनुसार लागत अनुमान बोर्डले नियमानुसार तयार गर्नेछ।

## परिच्छेद -३
## आर्थिक पक्ष

१५. साझेदार रकमः (१) सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ । स्वीकृत कार्यक्रममा तोकेको हकमा तोके बमोजिम र अन्य प्रविधि र पूर्वाधार सम्बन्धी क्रियाकलापहरुमा कुल लागतको बढीमा ८० प्रतिशत वा वार्षिक कार्यक्रममा उल्लेख भए बमोजिमको प्रति परिमाणको अधीकतम सीमा सम्म प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ ।

(२) साझेदारहरुलाई निर्देशनालय/केन्द्रको तर्फवाट संरक्षित संरचना निर्माणको साझेदार रकम तालिकामा उल्लेख भए अनुसार प्रति वर्गमिटर अधिकतम रकम वा संरचना निर्माण रकमको अधिकतम ८० प्रतिशत मध्ये हुन आउने न्यून रकम हुनेछ ।

| विवरण | कार्यालयले उपलब्ध गराउने अधिकतम साझेदार रकम रु. प्रति वर्ग मिटर |
|---|---|
| जि आइ पाइपको प्लाष्टिक घर(टनेल) | २,०००।०० |
| फलामको पाईपको प्लाष्टिक घर(टनेल) | १,२००।०० |
| नेचुरल्ली भेण्टिलेटेड ग्रिनहाउस (पोलिहाउस) | २,३८०।०० |
| बाँसको प्लाष्टिक घर | ३४०।०० |

(३) किविको थाँक्राका लागि प्रति सिमेन्टेड थाँक्रा/टि आकारको जि.आई पाईपको पोलको रु १००० वा स्टिमेट रकमको ८० प्रतिशत मध्ये कम हुन आउने रकम भुक्तानी दिन सकिनेछ।

(४) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

(५) साझेदारवाट कार्यान्वयन हुने कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदारले पेश गरेको बिललाई प्राविधिक सिफारिसमा बढीमा तीन किस्तामा साझेदारको बैक खाता मार्फत भुक्तानी गर्न सकिनेछ । साथै अन्तिम किस्ता भुक्तानीका लागी पेश गर्दा कार्य सम्पन्न प्रतिवेदन, बील, स्थलगत कार्य सम्पन्नको फोटो भए पश्चात मात्र भुक्तानी गरिनेछ।

(५) पूजीगत खर्च शीर्षक उल्लेख भएका निर्माण व्यवसायी/आपुर्तिकर्ता छनौट गरी कार्यसम्पादन गर्नुपर्ने कार्यक्रमहरुको भुक्तानी प्रचलित कानून बमोजिम नै हुनेछ । साथै

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

तोकीएको कार्यक्रमहरुमा बाहेक अन्य कार्यक्रममा लागत साझेदारी आवश्यक नभएमा पनि कार्यक्रम सञ्चालनमा बाधा पुग्ने छैन ।

## परिच्छेद -४
## अन्य व्यवस्था

१६. दोहोरोपना नहुने: यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ ।

१७. अनुगमन तथा मूल्याङ्कन: कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय तथा केन्द्रले आवश्यकता बमोजिम गर्नेछ।

१८. कारबाही सम्बन्धी व्यवस्था: साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेमा वा दोहोरो सुविधा लिएको पाईएमा प्रचलित कानून बमोजिम ब्याज सहित असुल गरिनेछ ।

१९. संशोधन: यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

२०. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

Anup Adhikari

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -१

## कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हानको सूचनाको ढाचाँ

*प्रथम पटक प्रकाशन मितिः*

बोर्ड/निर्देशनालय/केन्द्रको आर्थिक वर्ष....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार........कार्यक्रममा इच्छुक आवेदकहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र (सम्बन्धित बोर्ड/निर्देशनालय/केन्द्र) मा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. अनुसूची-२ बमोजिमको आवेदन,
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र करचुक्ता,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
५. अनुसूची -३ अनुसारको प्रस्ताव,
६. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,
७. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (आवश्यकता अनुसार),
८. हाल खेती भईरहेको जमिनको क्षेत्रफल (आवश्यकता अनुसार),
९. संरचना निर्माणको हकमा डिजाईन र लागत अनुमान, ,
१०. आवश्यक अन्य कागजात( कार्यक्रम कार्यान्वयन/मूल्याङ्कन सम्बन्धि बोर्ड/ निर्देशनालय/केन्द्रले तोके बमोजिम) ।

पुनश्चः प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० ..... बेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -२

आवेदन फाराम

मिति :

श्रीमान प्रमुखज्यू,

बोर्ड/निर्देशनालय/केन्द्र

............।

विषय : कार्यक्रममा समावेश हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा तहाँ (कार्यालयको नाम) बाट मिति ......मा प्रकाशित सूचना अनुसार ................................ कार्यक्रम सञ्चालनका लागि तपसिलमा उल्लेखित आवश्यक कागजात यसैसाथ संलग्न गरी यो आवेदन पेश गरेको/गरेका छु/छौं । यस आवेदन साथ संलग्न कागजात तथा सूचनाहरु जाने बुझे सम्म ठीक छन्, यदि झुटो ठहरिएमा आवेदन खारेज गरी सो अनुसार कारबाही भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागजातहरु:

१. अनुसूची-२ बमोजिमको आवेदन,
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र करचुक्ता,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
५. अनुसूची -३ अनुसारको प्रस्ताव,
६. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,
७. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (आवश्यकता अनुसार),
८. आवश्यक अन्य कागजात ।

आवेदक

नामः

पदः

ठेगानाः

छापः



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -३

<u>प्रस्ताव</u>

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईरटरको वा अध्यक्षको नामः | |
| मोबाइल नं. | |
| कार्य क्षेत्रः | |
| अनुभव | |
| प्रस्तावित कार्यक्रमको कूल खर्च (यसमा प्रोत्साहन र साझेदारको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| माग गरेको कूल रकम रु. | |

२. आवेदकसँग हाल भईरहेको जनशक्ति विवरण

| क्र.स. | नाम थर | शैक्षिक योग्यता | कार्य अनुभव क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

३. लाभान्वित हुने कृषक घरधुरीः

| क्र.स. | कृषकको नाम थर | ठेगाना | हालको व्यवसाय | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

४. प्रस्तावित क्रियाकलापहरुः

क. चालू र पूजिगत क्रियाकलापहरु खर्चको विवरणः



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

| क.सं. | क्रियाकलाप विवरण | ईकाइ | परिमाण | जम्मा लागत (रु) | कार्यक्रमवाट बेहोर्ने | साझेदारले बेहोर्ने |
|---|---|---|---|---|---|---|
| क. चालू प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख पूजिगत प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

५. प्रस्तावित कार्यक्रमवाट हुने उपलब्धि

६. आवश्यक प्रविधिको विवरण

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -४

प्रतिबद्धता पत्र

............................को मिति..............................को सूचना अनुसार ........कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अुनसारको कार्य नगरेमा प्रदेश सरकारवाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं ।अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

आवेदकको तर्फबाट

नामः

पदः

स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
| --- | --- |
| | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -५

मूल्याङ्कनका आधारहरु

पूर्णाङ्कः१००

उतीर्णाङ्कः५०

| क्र.सं. | विवरण | अंक | कैफियत |
|---|---|---|---|
| १ | **आबेदकको प्रकार** | १० | |
| १.१ | सहकारी | १० | |
| १.२ | समुह | ८ | |
| १.३ | नीजि फर्म | ५ | |
| २ | **आवेदकको ब्यबसायिक कृषिमा अनुभब** | १० | प्रस्तावमा उल्लेख गर्नुपर्ने |
| २.१ | ५ बर्ष भन्दा बढी | १० | |
| २.२ | २ देखि ५ वर्ष | ८ | |
| २.३ | २ वर्ष भन्दा कम | ६ | |
| ३ | **उपलब्ध सुविधा तथा भौतिक पूर्वाधार** | १० | प्रमाण पेश गर्नुपर्ने |
| ३.१ | सडक, बाटो, बिजुली, लगायत अन्य सुविधा भएको | १० | |
| ३.२ | सडक, बाटो, बिजुली, लगायत अन्य सुविधा मध्यम भएको | ८ | |
| ३.३ | सडक, बाटो, बिजुली, लगायत अन्य सुविधा न्यून भएको | ६ | |
| ४ | **कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसँगको तालमेल** | २० | सम्बन्धित बोर्ड/निर्देशनालय/केन्द्रले थप विस्तृतीकरण गर्न सक्ने |
| ५ | **प्रस्तावित कार्ययोजना अनुरुप प्राविधिक उपयुक्तता** | ३० | सम्बन्धित बोर्ड/ निर्देशनालय/केन्द्रले निक्यौल गरी थप विस्तृतीकरण गर्न सक्ने |
| ६ | **नविनतम क्रियाकलापहरु सञ्चालन भएको** | २० | |

**नोट**ः आवेदक छनौटको लागि कम्तिमा ५० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री